Phone: 4258174
4266034
4255707
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu
NEPAL

# महालेखा परीक्षकको कार्यालय

## Office of the Auditor General

### (संघीय मामिला तथा स्थानीय विकास निर्देशनालय)

मिति: २०७४।१२।२५

पत्र संख्या: २०७४/७५

च.नं. १४११

विषय: **लेखापरीक्षण प्रतिवेदन।**

श्री प्रमुखज्यू,

**गोरखा नगरपालिका,**

गोरखा ।

लेखापरीक्षण ऐन, २०४८ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७३।७४ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित पेस भएसम्मको लेखा र लेखासँग सम्बन्धित कागजपत्र परीक्षण गरी मिति २०७४।०८।०१ मा जारी गरीएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया प्राप्त नभएको हुँदा कायम लेखापरीक्षण प्रतिबेदन पाना २ यसैसाथ छ। प्रारम्भिक प्रतिबेदनलाई सन्दर्भ प्रतिबेदनको रुपमा लिई यो प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा नियमानुसार फछ्र्यौट गरी सम्परीक्षण गर्नु गराउनु हुन अनुरोध गरीएको छ।

(महेश्वर काफ्ले)
नायव महालेखापरीक्षक

Scanned by CamScanner

# गोरखा नगरपालिका, गोरखा

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.४ करोड १ लाख ३४ हजार र यो वर्षको आय रु.२२ करोड ९६ लाख ६५ हजार समेत रु.२६ करोड ९७ लाख ९९ हजार आम्दानी भएकोमा रु.२१ करोड ३९ लाख ४१ हजार खर्च भई रु.५ करोड ५८ लाख ५८ हजार मौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **आर्थिक प्रतिवेदन:** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ६० मा गाँउपालिका, नगरपालिका तथा जिल्ला समन्वय समितिले प्रचलित आर्थिक कार्याविधी कानून वमोजिम स्थानीय तह गठन मिति सम्मको प्रचलित ढाँचा बमोजिम आर्थिक प्रतिवेदन तयार गरी संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। नगरपालिकामा गाभिएका साविकका दुई गाँउ विकास समितिले आर्थिक प्रतिवेदन पेश नगरी गाविसका नाममा वैंकमा रहेको मौज्दातको आधारमा रु.७४ लाख ४३ हजार जिल्ला समन्वय समितिमा पठाएको छ। आर्थिक विवरण सहित मौज्दात विवरण पठाउने कार्य गर्नुपर्दछ।

२. **आन्तरिक लेखापरीक्षण:** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ६१ मा स्थानीय तहको आन्तरिक लेखापरीक्षण आफ्नै आन्तरिक लेखापरीक्षकवाट गराउनुपर्ने व्यवस्था छ। नगरपालिकाले आफ्नो लेखापरीक्षक नभएमा जिल्ला समन्वय समितिको आन्तरिक लेखापरीक्षकवाट गराउन सक्ने उल्लेख छ। साविक गोरखा नगरपालिकाले स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेशको व्यवस्था अनुसार आन्तरिक लेखापरीक्षण गराएको छैन। आन्तरिक लेखापरीक्षण नगराउनाले नगरपालिकाको आन्तरिक नियन्त्रण फितलो हुन गई सम्पादित आर्थिक क्रियाकलाप प्रभावकारी हुन नसकेको देखियो। आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्दछ।

३. **सवारी साधन खरिद:** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ७० मा नेपाल सरकारवाट स्थानीय तहलाई उपलव्ध गराएको वजेट तथा स्रोतवाट कार्यालयको प्रयोजनको लागि सवारी साधन खरिद गर्न सकिने छैन भन्ने व्यवस्था छ। यस नगरपालिकाले नेपाल सरकारबाट प्राप्त अनुदान र आन्तरिक आय मिलाएर रु. ५९,९४,०००।- मूल्यको गाडी खरिद गरेको देखिएकोले निर्देशिका प्रतिकूल गरेको खर्च अनियमित देखिएको छ।

४. **वढी भूक्तानी :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ को नियम ४६ मा कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। नगरपालिकाले सवारी साधन खरिद गर्न वोलपत्र माग गर्दा वतास व्रदर्स प्रा.लि.को एकमात्र रु.५९,९४,०००।- मुल्य रहेको वोलपत्र स्वीकृत गरी खरिद सम्झौता गरेको पाइयो। खरिद सम्झौता अनुसार रु.५९,९४,०००।- सो फर्मलाई भूक्तानी गरेकोमा यातायात व्यवस्था कार्यालयमा रहेको सो सवारी साधनको विजकको प्रतिलिपि अनुसार रु.५२,९४,०००।० मात्र मूल्य रहेको देखिएकोले विजक भन्दा वढ़ी भूक्तानी देखिएको रु.७,००,०००।० असुल गर्नुपर्दछ।

५. **प्रशासनिक खर्च:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को दफा ३४ मा नगरपालिकाले स्वीकृत बजेटको परिधिभित्र रही ऐन बमोजिम कर, शुल्क, सेवा शुल्क, दस्तुर र भाडाबाट उठाएको कुल एक करोड रुपैयाँ भन्दा बढी आम्दानी हुने नगरपालिकाको पच्चीस प्रतिशत भन्दा बढी रकम प्रशासनिक कार्यका लागि खर्च गर्न पाइने छैन भन्ने व्यवस्था छ। नगरपालिकाले कुल आम्दानी रु १ करोड ६५ लाख ९५ हजारको २५ प्रतिशत रु. ४१ लाख ४८ हजार सम्म प्रशासनिक खर्च गर्नु पर्नेमा रु. १ करोड ४६ लाख २ हजार खर्च गरी रु. १ करोड ४ लाख ५४ हजार बढि खर्च गरेको देखियो। आन्तरिक आम्दानीवाट सिमा भन्दा बढी खर्च गरेको नियमित देखिएन

६. **वैक मौज्दात:** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ६५ मा चालु आर्थिक वर्षको अन्तमा वडाको खर्च खातामा रहेको वांकी रकम सम्वन्धित स्थानीय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले ४ वटा वडालाई उपलब्ध गराएको रकममा खर्च हुन बाँकी रकम रु.६ हजार नगरपालिकाको संचित कोष खातामा दाखिला गरेको छैन। बाँकी रकम फिर्ता प्राप्त गरी संचित कोषमा दाखिला गर्नुपर्दछ।



Scanned by CamScanner

७. **साविक गाविसको मौज्दात:** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ७९ मा गाउँपालिका वा नगरपालिका गठन हुदा समाहित भएका गाँउ विकास समिति वा नगरपालिका वा त्यसको कनै वडाको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वत: हस्तान्तरण हुने व्यवस्था छ । साविक देउराली र ताप्ले गाविसको बैंक खातामा रहेको मौज्दात रु. १ लाख ४१ हजार लेखापरीक्षण अवधी सम्म नगरपालिकाको संचित कोष खातामा दाखिला गरेको देखिएन । निर्देशिकाको व्यवस्था अनुसार साविक गाँउपालिकाको नाममा रहेको मौज्दात नगरपालिकाको खातामा दाखिला गर्नुपर्दछ ।

८. **बिल भरपाई:** मुल्य अभिवृद्धि कर निमावली २०५३ को नियम १७ मा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा अनुसूची-५ र ५क. बमोजिमको ढाँचामा कर विजक दिनु पर्ने व्यवस्था छ । नगरपालिकाले मुल्य अभिवृद्धि करमा दर्ता भएका फर्मवाट मर्मत तथा सूचना प्रकाशन गर्दा सात आपूर्तीकर्तालाई विजक नलिइ रु.४६ हजार भुक्तानी गरेकोमा नियमावलीको व्यवस्था अनुसार तोकिएको विजक वेगर भएको खर्च अनियमित देखिन्छ ।

९. **अधिक बजेट विनियोजन:** स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा ९६ मा नगरपरिषदले आवश्यकता अनुसार वजेट स्वीकृति दिने व्यवस्था छ । नगरपालिकामा आर्थिक वर्ष २०७३/७४ को अनुमानित बजेट स्वीकृत गर्दा मर्मत संभार खर्च, परामर्श तथा अन्य सेवा शुल्क, फर्निचर र सार्वजनिक निर्माण शिर्षकमा अधिक बजेट विनियोजन गरेको कारण प्रस्तावित वजेटको क्रमश ४७.२५, ३३.०३, १८.९४ र ३१.६९ प्रतिशत सम्म घटी खर्च भएको पाइयो । गतविगत वर्षको वजेट खर्चलाई आधार वनाई बजेट विनियोजन गर्नु पर्दछ ।

१०. **अग्रिम कर दाखिला:** आर्थिक कार्यविधि ऐन २०५५को दफा १३ (४) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला गर्ने व्यवस्था छ । नगरपालिकाले भूक्तानीमा कट्टी गरेको अग्रिम आयकर रु.१५,७९३।०० वर्षान्तसम्म दाखिला गरेको नदेखिएकोले राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

११. **बैठक भत्ता:** श्री रामकुमार श्रेष्ठले बैठक सन्चालन गर्न लिएको पेश्की फछ्र्योटको भत्ता वितरण फाटवारीमा उपस्थित मध्ये ३ जनाले रु.३८२५।० बुझेको नदेखिएकोले रकम असुल गर्नुपर्दछ ।

१२. **सम्पत्ति हस्तान्तरण:** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ७९ र दफा ८१ मा गाउँपालिका वा नगरपालिका गठन हुदा सो भित्र समाहित भएका गाउँ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडामा रहेका चल अचल सम्पत्ति तथा गाँउपालिकाको क्षेत्र भित्र परेका सरकारी निकायवाट सञ्चालन भइ आएका स्थानीय स्तरका योजना, संरचना, विकास निर्माण आयोजना गाँउपलिकामा स्वत: हस्तान्तरण हुने व्यवस्था रहेकोमा लेखापरीक्षण अवधी २०७४ कार्तिक भित्र साविकका देउराली र ताप्ले गाँउ विकास समितिमा रहेका यस्ता सम्पत्ति गाउँपालिकाको नाममा हस्तान्तरण भएको पाइएन ।

१३. **बैक मौज्दात :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ६५ मा चालु आर्थिक वर्षको अन्तमा वडाको खर्च खातामा रहेको वांकी सवै रकम सम्वन्धित स्थानीय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । साविक ताप्ले गाँउ विकास समितिको बैंक खातामा रहेको रु.१५ हजार नगरपालिकाको संचित कोष खातामा दाखिला नगरेकोले दाखिला गर्नुपर्दछ ।

१४. **आन्तरिक आय:** आर्थिक कार्यविधि ऐन २०५५को दफा १३ (४) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला गर्ने व्यवस्था रहेकोमा देउराली गाँउविकास समितिले नगद मौज्दात रु.२१,९०८।०० हाल सम्म बैंक दाखिला गरेको नदेखिएकोले असुल गरी संचित कोष दाखिला गर्नुपर्दछ ।

१५. **पेश्की:** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्नगरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयवाट प्राप्त विवरण अनुसार साविक देउराली गाउँ विकास समितिबाट ६ जनालाई विगतका वर्षहरुमा दिएको रु. ५८ हजार र ताप्ले गाँउ विकास समितिबाट १३ जनालाई विगतका वर्षमा दिएको रु.१ लाख १४ हजार समेत रु.१ लाख ७२ हजार पेश्की बाँकी देखिएकोले नियमनुसार पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

### बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.१ करोड ७५ लाख ७२ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि कुनै बेरुजू फछ्र्यौट नगरेकोले रु.१ करोड ७५ लाख ७२ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रु.७ लाख २८ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ६६ लाख ७२ हजार र पेश्की रु.१ लाख ७२ हजार रहेको छ ।



Scanned by CamScanner

मिति २०७४।१२।२५

श्री प्रमुखज्यू,
गोरखा नगरपालिका,गोरखा ।

## लेखापरीक्षण प्रतिवेदन

यस कार्यालयबाट गोरखा नगरपालिका आर्थिक वर्ष २०७३।७४ को पेश भएका आर्थिक विवरण र सो सँग सम्बन्धित कागजात लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**आर्थिक विवरण उपर व्यबस्थापन पक्षको जिम्मेवारी**

आर्थिक कार्यविधि ऐन, २०५५ आर्थिक कार्यविधि नियमावली, २०६४ स्थानिय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानिय निकाय आर्थिक प्रशासन नियमावलि, २०६४ र प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन संचालन गर्ने तथा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यबस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी**

प्रस्तुत आर्थिक विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०४८ तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मापदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार**

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा केन्द्रिय विवरणहरुमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन्:

१. लेखापरीक्षणबाट रु.१ करोड ७५ लाख ७२ हजार बेरुजू देखिएको छ । सो मध्ये असुल गर्नुपर्ने रु.७ लाख २८ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ६६ लाख ७२ हजार र पेश्की रु.१ लाख ७२ हजार रहेको छ ।

२. साविकका स्थानीय निकायको सवारी साधन, कम्प्यूटर, फर्निचर लगायतको सम्पत्ति स्थानीय तहमा हस्तान्तरण गरी अभिलेख राख्नु पर्नेमा हस्तान्तरण भएको छैन ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्वन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

४. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७४।१२।२५ मा लेखापरीक्षण प्रतिबेदन जारी गरिएको छ ।

**कैफियत सहितको लेखापरीक्षण राय**

कैफियत सहितको लेखापरीक्षण रायले त्यहांको वित्तीय विवरणहरुमा पर्ने असर र लेखापरीक्षण प्रतिबेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७३।७४ को आर्थिक कारोवार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानिय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानिय निकाय आर्थिक प्रशासन नियमावलि, २०६४ तथा प्रचलित कानून बमोजिम रहेको छ ।

(महेश्वर काफ्ले)
नायव महालेखापरीक्षक

Scanned by CamScanner